# स्थानीय राजपत्र

## बेथानचोक गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २ बेथानचोक , काभ्रे २०७७ चैत्र १६ गते , २०७७ साल

# भाग- २

## बेथानचोक गाउँपालिका, काभ्रेपलाञ्चोक

# सूचना

बेथानचोक गाउँपालिकाको कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

**बेथानचोक गाउँपालिकाको**

**विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) छनौट तथा व्यवस्थापन कार्यविधि, २०७७**

**बेथानचोक गाँउपालिकाको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) छनौट तथा व्यवस्थापन कार्यविधि, २०७७**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बेथानचोक गाउँपालिकाले बेथानचोक गाउँपालिकाको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर) छनौट तथा व्यवस्थापन कार्यविधि, २०७७ बनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ।

**१. प्रस्तावनाः**

विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण र यससित जोडिएका विभिन्न समस्याहरूलाई निराकरण तथा सामाधान गरि गाउँपालिकाको दिगो पूर्वाधार विकासमा टेवा पुर्याउन बान्छनीय भएकोले बेथानचोक गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा २ (छ) बमोजीम यो कार्यविधि तयार गरि कार्यपालिकाको निर्णय अनुसार संचालन मा ल्याएको छ ।

**२. संक्षिप्त नाम र परिचयः**

(क) यो कार्यविधिको नाम "बेथानचोक गाउँपालिकाको विस्तृत परियोजना प्रतिवेदन (DPR) छनौट तथा व्यवस्थापन गर्न बनेको कार्यविधि २०७७" रहने छ ।

(ख) यो कार्यविधि तत्काल लागु हुनेछ ।

**३. परिभाषाः**

(क) “कार्यविधि" भन्नाले डि.पि.आर. छनौट सम्बन्धि कार्यविधि लाई जनाउँछ ।

(ख) “गाउँपालिका” भन्नाले बेथानचोक गाउँपालिका बुझाउँछ ।

(ग) “स्थानीय तह" भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा (४) बमोजिमको बेथानचोक गाउँपालिका लाई सम्झनु पर्दछ ।

(घ) “छनौट समिति” भन्नाले यस कार्यविधि अनुरुपको समितिलाई बुझाउँछ ।

ङ) "कन्सल्टयान्ट" अथवा "तेस्रो पक्ष" भन्नाले डि.पि.आर तयार गर्ने फर्म वा सूचीकृत ईन्जिनियर वा विशेषज्ञ लाई बुझाउँछ ।

च) विस्तृत परियोजना प्रतिवेदन भन्नाले यस कार्यविधिमा विस्तृत परियोजना प्रतिवेदन ,योजना सम्भाव्यता अध्ययन , वातावरण अध्ययन प्रतिवेदन , बिभिन्न गुरुयोजना , मापदण्ड , अन्य प्रतिवेदन , निर्देशिका लाई बुझाउछ ।

**४. छनौट तथा व्यवस्थापन समितिः**

कुनै आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने नगर्ने निर्णय गर्ने अधिकार गाउँकार्यपालिकालाई हुनेछ ।

**५. विस्तृत परियोजना प्रतिवेदन योजना प्रतिवेदन (DPR)/ छनौट गर्दा अपनाइनु पर्ने आधारभूत मापदण्डहरुः**

विस्तृत परियोजना प्रतिवेदन तयारीका निमित्त योजनाहरूको छनौट र प्रस्तावका लागि निम्न अनुसारको मापदण्डहरू लागु गरिएको छः

१. विस्तृत परियोजना छनौट तथा प्रस्ताव गर्दा आवधिक योजनामा उल्लेख भएका योजनाहरूलाई प्रथम प्राथमिकता दिनु पर्नेछ ।

२. छनौट गरिएको योजना, स्थानीय स्तरमा रोजगार सृजना गर्ने, गरिवी निवारणमा टेवा पुर्याउने र बढी भन्दा बढी जनता र क्षेत्रलाई समेटने खालको हुनु पर्नेछ ।

३. विस्तृत परियोजना छनौट तथा प्रस्ताव गर्दा वस्ती स्तरवाट आएका योजनाहरूलाई समेटनु पर्ने छ ।

४. लागत अनुमान १ करोड भन्दा माथि भएका आयोजनाहरुको विस्तृत संभाव्यता अध्ययन गर्ने ।

५. छनौट गरिएको योजनाले बन्चितिकरणमा परेका समुदाय, दलित, महिला, अपांग, बालबालिका आदि लाई समेटने खालको हुनु पर्ने छ ।

६. स्थानीय श्रोत साधन, सिप प्रयोगमा आउने र स्थानीय मौलिक संस्कृति तथा पहिचान झल्किने किसिमका योजनाहरू छनौट मा प्राथमिकता दिनु पर्ने छ ।

## ६. विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्दा अपनाइनु पर्ने आधारभूत मापदण्डहरुः

विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने क्रममा यसको गुणस्तर, दिगोपन र आवश्यकता अनुरुपको डिजाईन र लागत प्राप्त होस् भन्ने उद्देश्यले निम्न अनुसारको मापदण्डहरू राखिएको छ। उल्लेखित मापदण्डका अतिरिक्त आवस्यकता र औचित्यको आधारमा विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने व्यक्ति वा निकायवाट कार्यालयले प्रतिवेदन सँग सम्बन्धित अन्य थप कार्य वा परामर्शको सेवा लिन सक्ने छ ।

१. डि.पि.आर तयार पार्ने प्राविधिकको हकमा नेपाल ईन्जिनियरिङ परिषदमा सूचीकृत भएको हुनु पर्ने छ । फर्म (कन्सल्टेन्सि) अनुभवि एवं सम्बन्धित निकायमा सूचीकृत हुनु पर्ने छ ।

२. डि.पि.आरमा निर्माण स्थललाई मध्यनजर गर्दै उक्त स्थानको भौगोलिक, यातायात, निर्माण सामाग्रीको उपलब्धता, लाभान्वित समुदायको आर्थिक अवस्था र निर्माण पश्चात हुन

सक्ने, आर्थिक, सामाजिक एवं सांस्कृतिक जिवनस्तरमा पार्ने सकरात्मक वा नकारात्मक प्रभाव बारे पनि विश्लेषण गरिएको हुनु पर्नेछ ।

३. डि.पि.आरमा प्रष्ट देखिने र बुझिने गरि डिजाइनर तथा कन्सल्टेन्सिको छाप एवं दस्तखत समावेश गरिएको हुनुपर्नेछ ।

४. डी.पि.आर तयार गर्ने निकायले प्रस्तावित संरचनाको सम्भावित भविष्यमा आइ पर्ने प्रकोप (Disaster) तथा अन्य वातावरण जन्य (Environmental) चुनौतीहरूलाई गणना गरि त्यसलाई सामना गर्ने गरि तयार गर्नुपर्नेछ ।

५. डि.पि.आर तयार गर्ने निकायले, फिल्डमा गरिने कार्य जस्तो सर्भे, माटो परिक्षण आदि जस्ता कार्यहरूको पुष्ट्याइ हुने फिल्डबुक तयार गरेको हुनुपर्नेछ ।

६. डि.पि.आर तयार गर्ने निकायले फिल्डमा कार्यगर्दा कार्यालयको प्रतिनिधिको रोहवरमा वा स्वीकृति पश्चात मात्र कार्य गर्नुपर्नेछ र फिल्डमा पछि निर्माण चरणलाई आवश्यक बेन्चमार्क (Benchmark), चेने (Chainage) जस्ता अति आवश्यक लाइन लेबलको स्पस्ट व्यवस्था गरि त्यसको प्रष्ट्र हुने विवरण कार्यालयलाई बुझाउनु पर्नेछ ।

७. डि.पी.आर. तयार गर्दा प्रचलित, मापदण्ड (Standard), सम्बन्धित ऐन, कार्यविधिलाई आधार बनाई दिर्घकालिन विकासमा टेवा पुग्ने गरि तयार गरिएको हुनुपर्नेछ ।

८. सडक, सिंचाई, ढल जस्ता कार्यहरूको डिपिआर तयार गर्दा ती संरचनाहरूलाई पानीको प्रकोपबाट बचाउन स्पष्ट नालीको व्यवस्था तथा त्यसलाई व्यवस्थापन (Dispose) गर्ने क्षेत्र तथा संरचनाको व्यवस्था गरेको हुनुपर्नेछ ।

९. विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्दा माटो स्थरिकरण (Soil Stabilization) तथा जैविक ईन्जिनियरिङ्गको स्पष्ट व्यवस्था गरिएको हुनुपर्नेछ ।

१०. विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्दा काटिएको माटोको मात्रा (Soil Cutting Volume) लाई सन्तुलन गरिएको तथा अतिरिक्त माटोको मात्रालाई व्यवस्थापन गर्ने क्षेत्र र आवश्यक संरचनाको उल्लेख गरिएको हुनुपर्नेछ ।

११. विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्दा त्यस परियोजना निर्माणलाई आवश्यक सामग्री (Resources) को स्पष्ट्र लेखाजोखा गरि त्यसको उपलब्धता एवं उपलब्ध क्षेत्रको निर्धारण तथा दुरी उल्लेख गरिएको हुनुपर्नेछ ।

१२. विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्दा लागत लाभविश्लेषण (Cost Benefit Analysis) गरिएको तथा प्रति व्यक्ति लागत (Per Capita Cost) खुलाइएको हुनुपर्नेछ ।

१३. विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्दा खासगरी ठुला र संवेदनशिल प्रकृतिका आयोजनाहरू जस्तो सडक, सिंचाई, हाइड्रोपावर, सरकारी भवन आदि प्रकारका आयोजनाको प्रतिवेदनमा वातावरणीय परीक्षण (IEE/EIA) प्रतिवेदन समेत तयार गर्नु पर्नेछ।

१४. विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने निकायले प्रतिवेदनमा प्रस्ताव गरेको हरेक निर्माण वस्तु (Items) हरूमा त्यस सित सम्वन्धित नर्म्स (Norms) तथा स्पेसिफिकेशन (Specification-v08-Clause) उल्लेख गरेको हुनुपर्नेछ ।

१५. विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने निकायले डिजाईन स्टीमेट तयार गर्दा सम्बन्धित (Quantity) आदि सेल (Cell) हरू एक आपसमा इन्टरलिंक (InterLink) गरेको हुनुपर्नेछ ।

१६. विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने निकायले दर विश्लेषण गर्दा प्रमाणित पालिका वा जिल्ला दर मात्र प्रयोग गर्नुपर्नेछ ।

१७. विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने निकायले प्रतिवेदन तयार गर्दा, फिल्डबुक, डिजाइन, इस्टिमेट, दर (Rate) विश्लेषण, ड्रोइंग, वातवरणीय अध्ययन प्रतिवेदन आदिका छुट्टाछुट्टै प्रतिवेदन तयार गरि पेश गर्नुपर्नेछ ।

१८. विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने निकायले सडक, खानेपानी, सिंचाई जस्ता योजना हरूको डिपि आर तयार गर्दा प्रतिवेदनमा समावेश सम्पूर्ण संरचनाहरूको चेनेजवाइज ड्रइङ्ग स्पटू बुजिने (Dimension) खुलाएर तयार गरि बुझाउँनु पर्नेछ ।

१९. विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने निकायले सार्वजनिक भवनहरूको प्रतिवेदन तयार गर्दा छुट्टाछुट्टै, ट्रेन्च प्लान, फाउण्डेशन प्लान, साइट प्लान, फ्लोर प्लान, रुफ प्लान, स्टेयर केश प्लान तथा सेक्सन, विम प्लान तथा सेक्सन, स्ल्याव प्लान तथा सेक्सन, कोलुमं प्लान तथा सेक्सन, भवनको पूर्ण सेक्सन (Water supply and sanitation, whole electrification, Location Map, Detailed bar bending) चारै मोहोडाको छुट्टाछुट्टै इलिभेशन सहितका सम्पूर्ण आवश्यक नक्साहरू समावेश गर्नुपर्नेछ ।

२०. विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने निकायले आयोजनाको प्रकृति र लागतलाई विश्लेषण गरि आयोजना निर्माणका लागि अपनाईने विधि (Approach) का वारेमा सुझाव पेश गर्न सक्ने छ ।

२१. विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने निकायले प्रतिवेदन पूर्ण रुपले तयार गरिसकेपछि मस्यौदा साझेदारी (Draft sharing) कार्यशाला गोष्ठीको आयोजना गरि त्यससँग सम्बन्धित सम्पूर्ण सूचना साझेदारी गरि आवश्यक सुझाव तथा पृष्ठपोषण प्राप्त गरि प्रतिवेदनलाई अन्तिम रुप दिनु पर्नेछ । कार्यशालामा सम्बन्धित सम्बन्धित क्षेत्रका विशेषज्ञ, कार्यपालिका सदस्य शाखाका शाखा प्रमुख तथा कर्मचारीहरू सहभागी हुने छन्।

२२. विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्न अनुमानित लागत अनुमान तयार गर्न उपलब्ध भएमा प्रचलित नर्मस र दररेट गाउँकार्यपालिकाबाट स्वीकृत गरी कार्य अघि बढाउने  प्रचलित नर्मस र दररेट उपलब्ध नभएको अवस्थामा बस्तु स्थितीको अनुमान गरी लागत अनुमान तयार गरी गाउँकार्यपालिकाबाट स्वीकृत गरी कार्य गर्नु पर्ने छ ।

२३. भौगोलिक, प्राकृतिक वा वातावरणीय अवस्था परिवर्तन भई तत्कालिन स्वीकृत विस्तृत परियोजना प्रतिवेदन (DPR) कार्यान्वयन योग्य नहुने अवस्था सिर्जना भएमा आवश्यकतान्सार डिपिआर संशोधन गर्नसकिनेछ। डिपिआर संशोधन गर्न परेमा सम्बन्धित प्राविधिकको प्रतिवेदन सहित प्रस्ताव तयार गरी गाउँकार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।

२४. परियोजना तथा कार्यक्रम कार्यान्वयनलाई समयानुकूल प्रभावकारी र व्यवहारिक बनाउन विस्तृत परियोजना प्रतिवेदन (DPR) लगायत लागू हुने विभिन्न मापदण्ड , निर्देशिका तथा योजना , अध्ययन प्रतिवेदन आवश्यकता अनुसारसमय-समयमा अद्यावधिक गर्न सकिनेछ । यसरी अद्यावधिक गर्नूपूर्व सम्बन्धित विषयका प्राविधिकको सुझाव तथा आवश्यक अध्ययनका आधारमा प्रस्ताव तयार गरी गाउँकार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

२५. तयार डि.पि.आर कहि कतै वा अन्यसँग साभार नगरिएको वा मेल नखाने हुनु पर्नेछ र डिजाईनमा कुनै त्रुटी वा कमजोरी फेला परेमा स्वंय प्रतिवेदन तयार गर्ने निकाय वा व्यक्ति कारवाहीको भागिदार बन्नुपर्नेछ ।

२६. तयार भएको डि.पि.आरको प्रतिवेदन स्वीकृत गर्ने अधिकार गाउँकार्यपालिकालाई रहनेछ ।उक्त प्रतिवेदन कार्यपालिकाबाट स्वीकृत भए पश्चात मात्र भुक्तानी प्रकिया अगाडि बढाईनेछ ।

## ७. संशोधन एवं खारेजीः

(क) डि.पि.आर छनौट प्रक्रिया सम्बन्धि कार्यविधि संशोधन वा खारेज गर्नु परेमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(ख) यो कार्यविधिमा उल्लेख गरिएका कुराहरूको हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन तथा नियम अनुसार हुनेछ ।

(ग) यस कार्यविधिमा लेखिएका कुराहरू प्रचलित कानुन वा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ सँग बाझिएको हदमा स्वतः निष्कृय हुनेछ ।

आज्ञाले

राजेन्द्र भण्डारी

प्रमुख प्रशासकीय अधिकृत